"सहकारी संघ/संस्थाहरुको प्रवर्द्धन, विकास एवम बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

Sahakarita Qquarterly (त्रैमासिक)

वर्ष ३, अङ्क ४ Oct-Dec. 2014 कार्तिक-पुस २०७१

# राष्ट्रिय सहकारी बैंक लिमिटेड बाह्रौं वर्षमा




*बैंकको बाह्रौं स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा प्रमुख अतिथि, अतिथि र अध्यक्ष*

काठमाडौं/राष्ट्रिय सहकारी बैंक लिमिटेड सहकारीहरूको हितका लागि अब केन्द्रीय बैंक बन्नुपर्ने सरोकारवालाले सुझाव दिएका छन् । राष्ट्रिय सहकारी बैंक लिमिटेडको १२ औं स्थापना दिवसका अवसरमा ०७१ असार २५ गते आयोजित कार्यक्रममा बोल्नुहुने अधिकांश वक्ताले बहुउद्देश्यीय बचत तथा ऋण सहकारीको वृद्धि विकास र व्यवस्थापनका लागि राष्ट्रिय सहकारी बैंकले केन्द्रीय बैंकको भूमिका निभाउनुपर्नेमा जोड दिएका हुन्।

कार्यक्रममा राष्ट्रिय सहकारी संघका अध्यक्ष एवम् सभासद् केशव बडालले सहकारीले मुलुकको आर्थिक सामाजिक क्षेत्रमा गरेको योगदानलाई राज्यले कम आँकलन गरेको गुनासो गर्नुहुँदै केही सीमित सहकारीको गलत कार्यलाई देखाएर बहुसख्यक सहकारीको मूल्याङ्कन गर्न नहुने बताउनु भएको थियो ।

राष्ट्रिय सहकारी संघका सञ्चालक एवम् सभासद् ओमदेवी मल्ल,सहकारी विभागका रजिष्ट्रार विष्णुहरि पौडेल, युवा तथा स्वरोजगार कोषका कार्यकारी निर्देशक विनोदकुमार गुरागाईंले सहकारीको पूँजी उत्पादनशील क्षेत्रमा लगाउनका लागि मुलुकभर शाखा विस्तार गरी सेवा पुऱ्याउन सुझाव दिनु भएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका लघुवित्त विभागका प्रमुख सुरेशचन्द्र लुईंटेल, राष्ट्रिय सहकारी विकास बोर्डका निर्देशक कृष्ण दाहाल, नेफ्स्कुनका पूर्व अध्यक्ष मीनराज कँडेल, मौरीपालन सहकारीका अध्यक्ष गणेश बस्नेत लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो । बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेलको अध्यक्षता, प्रबन्ध सञ्चालक के.बी.उप्रेतीको सञ्चालन र सञ्चालक सरिता भट्टराईले स्वागत गरेको कार्यक्रममा बैंकको अवस्थाका बारेमा नायव महाप्रबन्धक बद्रीकुमार गुरागाईंले जानकारी गराउनु भएको थियो ।

## राष्ट्रिय सहकारी बैंकको साधारणसभा विराटनगरमा

### उपराष्ट्रपति झाबाट उद्घाटन हुने

विराटनगर/राष्ट्रिय सहकारी बैंक लिमिटेडको एघारौ वार्षिक साधारण सभा मोरडको विराटनगरमा हुने भएको छ। बैंक सञ्चालक समितिले मंसिर २९ गते विराटनगरमा साधारण सभा गर्ने निर्णय गरेको हो । विराटनगरमा बैंकको साधारण सभा दोस्रो पटक गर्न लागिएको हो । यस अघि बैंकको दोस्रो साधारण सभा विराटनगरका गरिएको थियो ।




एघारौ बार्षिक साधारण सभा तयारी सम्बन्धी छलफल कार्यक्रम

साधारण सभालाई सफल पार्नका लागि पूर्वका सहकारीकर्मीहरु

............बाँकी १४ पेजमा

*राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित*

**सहकारिता**

सल्लाहकार
रमेशप्रसाद पोखरेल
के.बी. उप्रेती
कुलचन्द्र अधिकारी

सूचना, सञ्चार तथा प्रकाशन उप-समिति
संयोजक - रामबहादुर जि.सी.
सदस्य :
विन्देश्वर श्रेष्ठ, महेन्द्र गिरी, डिल्ली पोखरेल
सदस्य सचिव- नविन कार्की

सहयोगी
भाषा शर्मा
नविन पौडेल

ठेगाना
राष्ट्रिय सहकारी बैंक लि.
केन्द्रीय कार्यालय कुपण्डोल, ललितपुर
फोन : ०१-५०११७८२/फ्याक्स : ०१-५५५५६८७
Email: sahakaritacontact@gmail.com
Email: coopbank@coopbank.com.np
Website: www.coopbank.com.np

मुद्रण :
सिम्को विजिनेस सिस्टम प्रा.लि. काठमाडौं

# सम्पादकीय

## सहकारीको प्रबर्द्धन, विकास र वित्तीय सेवामा सहकारी बैंक

२०२० सालमा स्थापना भई २०२४ सालमा कृषि विकास बैंकमा परिणत भएको सहकारी बैंक राष्ट्रिय सहकारी संघ र सहकारीका अगुवाहरुको चाहना र पहलबाट २०५७ सालमा सहकारी ऐन २०४८ लाई संशोधन गरी सहकारी बैंक स्थापना सम्बन्धी व्यवस्था गरियो । नेपाल सरकारको १ करोड शेयर रकम र सहकारी संघ संस्थाहरुको सहभागितामा २०६० असार २५ गते राष्ट्रिय सहकारी बैंक लिमिटेड विधिवत रुपमा दर्ता भयो । बैंकले आफ्ना सदस्य सहकारी संघ र संस्था बीच २०६१ श्रावण १९ गते देखि कारोवार शुरु गरेको हो । सहकारी विभागको मातहतमा सञ्चालन हुदै आएको बैकले २०६७ साउन १० गते नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोवार गर्न स्वीकृति प्राप्त गरेको छ ।

बैंक सहकारी संघ संस्थाहरुको केन्द्रीय बैंक र भरोसा योग्य सहयात्रीका रुपमा विकास हुँदै गएको छ । सदस्य सहकारी संघ संस्थाहरुको व्यवस्थापनका लागि बैकले आगामी ५ वर्षका लागि आफ्नो रणनीति तयार गरेको छ । सहकारी क्षेत्रको प्रवर्द्धन, विकास र वित्तिय आवश्यकताहरु परिपूर्ति गर्ने यसको मुख्य लक्ष्य हो । लक्ष्य प्रप्तिका लागि बैंकले समयानुकुल प्रविधिको प्रयोग गरि सदस्यहरुमा गुणस्तरीय सेवा प्रदान गर्ने, क्षमता अभिबृद्धिका लागि विभिन्न किसिमका शिक्षा, तालिम, गोष्ठी आदिको व्यवस्थापन गर्ने, पूँजी, निक्षेप एवं कर्जा परिचालन क्षमता अभिबृद्धि गर्ने, दक्ष जनशक्ति, आन्तरिक व्यवस्थापन र प्रभावकारी नियन्त्रण प्रणालीको विकास गर्ने, सहकारी क्षेत्रका समस्या समाधानका लागि पहल गर्ने, समय सापेक्ष ऐन, नियम, नीति निर्माण परिमार्जनका लागि पहल गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुसँग समन्वय तथा सम्बन्ध विस्तार गर्ने, आयमूलक व्यवसाय मार्फत रोजगारी सिर्जना तथा गरीवी न्यूनिकरण गर्ने, उत्पादन तथा सेवा क्षेत्रको विकास र प्रवर्द्धनका लागि कर्जा तथा वित्तिय सेवा प्रदान गर्ने, देश भरका संघ/संस्थालाई आवद्ध गराउने, छरिएर रहेको पूँजी, श्रोत तथा साधनलाई सहकारी संघ/संस्था मार्फत परिचालन गर्ने गराउने काम गर्ने योजना अगाडि बढाएको छ । सहकारी संघ संस्थालाई आर्थिक रुपमा सहयोग गर्दै सहकारी क्षेत्रको प्रबर्द्धनमा सहकारी बैंक क्रियाशील छ ।

## छुट्टै सहकारी बैंक ऐन आवश्यक छ ।



रमेशप्रसाद पोखरेल
अध्यक्ष

राष्ट्रिय सहकारी बैंक लिमिटेड सबै सहकारीहरुको अभिभावकको रुपमा अगाडि बढिरहेको छ । बैंकले पूँजी बृद्धिको कार्य, विपन्न वर्ग तथा लघु वित्त कर्जा सेवा प्रवाह, रेमिटचान्सको कार्य, अन्तर्राष्ट्रिय संघहरुमा आवद्धता, बैंकको संजाल विस्तार, कर्मचारी व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली, शिक्षा तालिम तथा कार्यक्रम सञ्चालन गरी बैंकको भूमिकालाई बढाउँदै लगेको छ । ५ वर्षे रणनीतिक योजना तयार अगाडि बढेको अवस्था छ ।

राष्ट्रिय सहकारी बैंक सहकार्यको वातावरण सिर्जना गर्न, उत्पादनशिल क्षेत्रमा लगानी गरी रोजगारी सिर्जना गर्न, सहकारी क्षेत्रको लोकप्रियता, सरकारको सकारात्मक दृष्टिकोणका कारण नयाँ अवसरहरुको सिर्जना गर्न सक्ने अवस्थामा पुग्नुका साथै अन्तर्राष्ट्रिय जगतको आवद्धताले थप सहयोगको संभावना बढेको अवस्थामा पुगेको छ । बैंकलाई वित्तिय रुपमा व्यवस्थित गराउन विभिन्न समयमा तालिम, गोष्ठी, अन्तरक्रिया र भ्रमणका कार्यक्रम सञ्चालन गरिएको छ ।

आगामी ३ वर्षभित्र राष्ट्रिय सहकारी बैंक ऐन जारी गराउनका लागि सम्बन्धित निकायसंग पहल कदमी गर्ने योजना बैंकले बनाएको छ । सहकारी क्षेत्रको एक मात्र बैंकलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि बैंक ऐन आवश्यक छ । सहकारी विभाग र नेपाल राष्ट्र बैंकले नियमन गर्ने भएकाले कतिपय कानुनी विषयमा झण्झट हुने गरेकोले पनि सहकारी बैंक सम्बन्धी छुट्टै ऐन आवश्यक परेको हो । यसका लागि सहकारी अभियानमा आवद्ध सबैसंग समन्वय गरी सर कारसंग पहलकदमी गर्न बैंक क्रियाशिल रहेको छ ।

## पाँच वर्षमा २ अर्ब शेयर पूँजि पुऱ्याउने लक्ष्य



के.बी. उप्रेती
प्रबन्ध सञ्चालक

राष्ट्रिय सहकारी बैंक लि.मा हाल ७५ जिल्लाका ७ हजार २ सय ५० सहकारी संघ संस्था शेयर सदस्य छन् । ३३ शाखा र १ केन्द्रीय कार्यालय गरी ३४ स्थानबाट ६६ करोड शेयर पूँजि संकलन, ८ अर्ब निक्षेप संकलन, ४ अर्ब भन्दा बढी कर्जा लगानी र ९ अर्ब भन्दा बढीको कारोबार भैरहेको छ । बैंकले पछिल्लो समय कृषि र विपन्न वर्ग कर्जामा विशेष प्राथमिकता दिदै आएको छ । यो क्षेत्रमा करिब २ अर्ब लगानी रहेको छ ।

आगामी पाँच वर्ष भित्र शेयर पूँजी दुई अर्ब, बचत ३० अर्ब र कर्जा २० अर्ब पुऱ्याउने, उत्पादन, प्रशोधन र बजारीकरण, जलस्रोत लगायतका क्षेत्रमा प्राथमिकता दिएर लगानी गर्ने, विपन्न वर्ग, महिला, दलितले सञ्चालन गरेका सहकारीलाई सहुलियत दरमा कर्जा लगानी गर्ने लक्ष्य लिएको छ । बैंकको पूँजी, संरचना र भूमिका बढ्दै गएकोले सोही अनुकुल व्यवस्थापन गर्दै अगाडि बढ्ने योजनाका साथ बैंक अगाडि बढिरहेको छ ।

सहकारी विभाग र नेपाल राष्ट्र बैंकको अनुगमन, नियमनबाट बैंकले धेरै कुरा सुधार गर्दै र व्यवस्थित गर्दै अगाडि बढीरहेको छ । सहकारी अभियानलाई सहयोग पुऱ्याउनुका साथै राष्ट्र बैंकको समेत स्वीकृती अनुसार चल्ने हुनाले केही असजिलो भए पनि यसलाई व्यवस्थापन गर्दै बैंक अगाडि बढीरहेको छ । सहकारी अभियान मार्फत मुलुकको आर्थिक सामाजिक र सांस्कृतिक विकासका लागि राष्ट्रिय सहकारी बैंकको भूमिका प्रभावकारी बन्दै गएको छ । यो सबै सहकारीकर्मीहरुको बैंक हो र त्यही रुपमा अगाडि बढाउनका लागि बैंक व्यवस्थापन सक्रिय रहेको छ ।

# राष्ट्रिय सहकारी बैंक लिमिटेडको संक्षिप्त जानकारी

आर्थिक रुपले पछाडि परेका जनताको आर्थिक विपन्नताको अवस्थाबाट जीवन स्तरमा सुधारको प्रत्याभुती दिन वि.स. २०१३ सालमा मुलुकमा सहकारी अभियानको थालनी भएको हो । यस उदेश्यलाई परिपूर्ति गर्ने उपयुक्त माध्यमको रुपमा स्थापित सहकारी संघ/संस्थाहरुलाई वित्तीय सुविधा उपलब्ध गराउन सहकारी बैंक ऐंन २०१९ जारी भै वि.सं.२०२० सालमा सहकारी बैंकको स्थापना भएको थियो । तर सहकारी संघ/संस्थाहरुको संख्या न्यून हुनु र सहकारी प्रवर्द्धन सम्बन्धी ठोस नीतिको अभावमा सहकारी बैंकले आफ्नो पहिचान कायम गर्न नसकेकोले वि.सं.२०२४ सालमा सहकारी बैंक कृषि विकास बैंकमा परिणत हुन गयो । सरकारी नियन्त्रणको अवस्थामा संचालित सहकारीले गति लिन नसक्ने र सहकारी सदस्यहरुद्वारा मात्र संचालित र नियन्त्रित हुने पद्धति भएको हुँदा सहकारीको आवश्यकता तथा अपरिहार्यतालाई दृष्टिगत गरी सहकारी ऐंन २०४८ जारी भयो । सहकारी ऐन २०४८ जारी भए पश्चात नेपालमा सहकारीहरुले हरेक क्षेत्रमा पुऱ्याएको सेवालाई अझ व्यवस्थित गरी वित्तीय रुपले सम्पूर्ण सहकारी क्षेत्रलाई सबल बनाउन २०५७ सालमा सहकारी ऐनं २०४८ को प्रथम संशोधन बाट सहकारी क्षेत्रको आफ्नो छुट्टै बैंक स्थापना गर्न पाइने व्यवस्था गरियो । सहकारी ऐनको त्यसैं संशोधनलाई आधार मानी राष्ट्रिय सहकारी संघको नेतृत्वमा सहकारी बैंकको स्थापनाको लागि कार्य प्रारम्भ भएको हो । यसै अनुरुप सरकारले आ.व. २०५७/०५८ को वजेटमा सहकारी बैंकको स्थापनार्थ १ करोड रुपैया विनियोजन गरी वि. स. २०६० साल असार २५ गते यस बैंकको विधिवत स्थापना भई २०६१ साउन १९ गतेबाट बैंकले आफ्नो कारोवार आफ्ना सदस्य सहकारी संघ/संस्थाहरु बिचमा मात्र गर्दै आईरहेको छ । आ.व २०६६/६७ मा नेपाल सरकारले १ करोड रुपैया लगानी गरेको र नेपाल राष्ट्र बैंकले यस बैंकलाई सीमित बैंकिंग कारोबार गर्न २०६७ साउन १० गते इजाजत प्रदान गरेको छ ।

**बैंकका मुख्य उद्देश्यहरु निम्न रहेका छन् :**

१. सहकारीका सदस्य संघ वा संस्थालाई बचत र पूँजीको साथै वित्तीय पहुच पुर्‍याउने ।

२. सहकारीका सदस्य संघ वा संस्थालाई थोक कर्जाको रुपमा वित्तीय तथा अन्य आवश्यक सहयोग उपलब्ध गराई त्यस्ता संघ/संस्था मार्फत जनताको आर्थिक तथा सामाजिक स्तर माथि उठाउन सहयोग पुऱ्याउने ।

३. नेपाल सरकार तथा राष्ट्र बैंकको नीति निर्देशन र ऐनको अधीनमा रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी संघ/संस्थाहरुसंग आवश्यक समन्वय कायम गरी सहकारी अभियानलाई सहयोग पुऱ्याउने ।

**बैंकका कार्यहरु :-**

- राष्ट्रिय सहकारी बैंक ऐन निर्माण गर्ने र सहकारी ऐनमा संशोधन गरि सहकारी बैंक सम्बन्धी छुट्टै परिच्छेदको व्यवस्था गरि पूर्ण बैकिङ्ग कारोवार गर्ने व्यवस्थाको लागि कार्य गर्ने ।
- सहकारीका राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायहरुसँग सम्बन्ध स्थापित गरी सहकारीताको विकाश र सहकार्य गर्दै विभिन्न अन्तराष्ट्रिय संघसंस्थाहरुको सदस्यता प्राप्ती गर्ने ।
- बैंकको चुक्ता पूँजी बृद्धिको लागि सम्पूर्ण सहकारी संघ/यसस्थाहरुलाई शेयर खरिद गर्न, थप शेयर खरिद गर्न र सरकारका तर्फबाट समेत शेयर थप गराउने प्रयासलाई अगाडि बढाउने ।
- सदस्य सहकारी संघ/संस्थालाई उपयोगी हुने गरी पत्रिका प्रकाशन, शिक्षा तथा तालिम, पेशागत विकास कार्यक्रम र आपसी सहयोग कार्यक्रमका साथै बैंकको वेभसाईट मार्फत सूचनाहरु आदान प्रदान लगायतका कार्यक्रम संचालन गर्ने ।
- बैंकको संरचना (शाखा)को विकास गरि अधिराज्यमा स्थापना भएका सम्पूर्ण सहकारी संघ/संस्थाहरुले सजिलैसँग कारोवार गर्ने सक्ने गरी ए.बि.बि.एस.सेवा प्रदान गर्ने ।
- नेपाल सरकारले सहकारी संघ/संस्था गठन, प्रवर्द्धन तथा सुधारका लागि बजेटमा विनियोजन भएका रकम सहकारी बैंक मार्फत परिचालन गर्न पहल गर्ने ।
- बैंकमा कार्यरत कर्मचारीहरुलाई समयानुकूल दक्ष र प्रतिस्पर्धी बनाउदै लैजाने लक्ष्य अनुरुप विभिन्न प्रकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम दिलाउने व्यवस्थाको साथै बैंकको प्रगति अनुरुप समय सापेक्ष रुपमा तलब सुबिधा उपलब्ध गराई कामका लागि उत्प्रेरित गराउने ।
- बैंकहरुमा देखा परेको तीव्र प्रतिस्पर्धा अनुरुप कर्जा तथा निक्षेपमा लिने/दिने व्याजदरलाई समय सापेक्ष परिवर्तन गर्दै लैजाने ।
- राज्यले बिपन्न वर्गलाई लक्षित गरेर संचालन गर्ने सबै प्रकारका कोषहरु (युवा स्वरोजगार कोष, ग्रामीण स्वाबलम्बन, वैदेशिक रोजगार, गरीवी निवारण, लघुवित्त आदि) सरकारको समेत सहयोग लिएर सहकारी बैंक मार्फत परिचालन गर्ने ।
- ग्रामीण क्षेत्रमा स्थापना भएका महिला तथा कृषकहरुद्वारा संचालन गरिएका सामुदायिक सहकारीहरुलाई सम्भाव्यता अध्ययनको आधारमा सवल छन् भन्ने विश्वास भएमा यस्ता सहकारीहरुको लागि छुट्टै मापदण्डको आधारमा बिना धितो कर्जा लगानी गर्ने ।
- अन्तर सहकारी विल भुक्तानी तथा स्वदेशी रेमिट्यान्स र विदेशबाट प्राप्त हुने रेमिट्यान्स का साथै बिमा, रिचार्ज, बिल भुक्तानी इत्यादि सम्बन्धी कार्य गर्ने ।
- बैंकको कारोवारलाई देशव्यापी गर्नको लागि यस बैकले निर्धारण गरे बमोजिमको पूर्वाधार तयार भएका स्थानहरुमा शाखा तथा उप(शाखा कार्यालयहरुको स्थापनामा बिषेश जोड दिने ।

## हालसम्मको उपलब्धि विवरण: (रकम रु हजारमा)

| शिर्षक | ०६६/६७ | ०६७/६८ | ०६८/६९ | ०६९/७० | ०७०/७१ | ०७१/७२ कात्तिक मसान्तसम्म |
|---|---|---|---|---|---|---|
| शेयर | १५३००७ | १८५१५७ | २६६२३५ | ५०७५१० | ६१२३९३ | ६४२१५५ |
| निक्षेप | ६५६५४६ | १२३२८६१ | ३३९५६९३ | ४९९४०७६ | ७६९०७४२ | ७८६९८२६ |
| कर्जा लगानी | ५३८०४५ | ९१५०६१ | १६७०७७५ | ३२१११२६ | ३९६३७२७ | ४११७६४५ |
| खुद नाफा | १५९५२ | २८९१३ | ४२१५६ | ९९९८३ | ९००४६ | - |
| लाभाशं वितरण | ९ % | ९% | १० % | १३ % | प्रस्तावित १३ % | - |
| सदस्य संख्या | २४०० | ३४०० | ४४८५ | ६३०९ | ७००० | ७२३८ |

**बैंकको महत्व :-**

- वाणिज्य बैंक तथा अन्य वित्तीय संस्थाहरुले विशेषगरी ठूला उद्योग तथा औद्योगिक क्षेत्रमा मात्र लगानीलाई प्राथमिकता दिने भएको कारणबाट उपेक्षित ग्रामीण एवं साना उद्योगहरुमा सहकारी संघ/संस्थाहरु मार्फत लगानी गराउन यस बैंकको श्रोत परिचालन हुने ।
- ठूला बैंक तथा वित्तीय संस्थाहरुले ग्रामीण क्षेत्रबाट आफ्नो सेवा शहरी क्षेत्रमा बढी केन्द्रीकृत गरेको हुनाले ग्रामीण तहमा रहेका सहकारी संघ/संस्थालाई प्रवर्द्धन गर्न यस बैंकको महत्वपूर्ण भूमिका रहने ।
- बैंक तथा वित्तीय संस्थाहरुले सहकारी संघ/संस्थाहरुलाई ब्याज प्राप्त हुने गरी बचत खाता खोल्ने सुविधा नदिने नीतिका कारण सहकारी संघ/संस्थाहरुलाई सो सुविधा पुऱ्याउन बैंकको आवश्यकता पर्ने ।
- सदस्य सहकारी संघ/संस्थाहरुलाई शिक्षा र तालीमको माध्यम बाट व्यवसायिक तथा प्राविधिक सहयोग प्रदान गर्न ।
- सहकारी बैंकिङ्ग प्रणालीलाई संघिय संरचनामा विकास गरी यस क्षेत्रलाई दिगो र प्रभावकारी बनाउन ।
- सदस्य सहकारी संघ/सस्थाहरुलाई थोक कर्जा उपलब्ध गराई तिनीहरुको वित्तीय आवश्यकता लाई पूरा गराउन ।
- बैंक तथा वित्तीय संस्थाहरुले सहकारी संघ/संस्थाहरुलाई कर्जा लगानी नगर्ने भएका कारणले सो सेवा प्रदान गर्न ।
- सहकारी क्षेत्रको विकासका लागि सरकारको नीति निर्देशन र ऐनको अधिनमा रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी संघ/संस्थाहरुसँग आवश्यक समन्वय कायम गरी सहकारी अभियानलाई सहयोग गर्न र यसको प्रत्यक्ष प्रतिफल सहकारी संघ/संस्थाहरुमा आवद्ध लाखौं सदस्यसामु पुऱ्याउनका लागि एक भरपर्दो एवं प्रभावकारी सहकारी सञ्जालको रुपमा कार्य गर्न ।

**व्यवस्थापन :-**

- सहकारी संघ/संस्थाका प्रतिनिधिहरु मध्येबाट निर्वाचित ९ जना र राष्ट्रिय सहकारी संघ तथा सहकारी विभागका रजिष्ट्रार पदेन १/१ गरि जम्मा ११ जनाको संचालक समिति निर्माण हुने व्यवस्था रहेको ।
- केन्द्र तथा शाखा कार्यालयहरुमा अत्याधुनिक कम्प्युटर सफ्टवेयर तथा दक्ष कर्मचारीहरुको व्यवस्था गरि छिटो, छरितो र भरपर्दो सेवा प्रदान गर्ने गरिएको ।

**बैंकको वर्तमान अवस्था :-**

- आबद्ध सदस्य सहकारी संघ/संस्था: ७२५०
- सदस्य सहभागी जिल्लाको संख्या: ७५
- शाखा कार्यालय संख्या : ३३

# National Cooperative Bank Limited

## Vision

"Sustainable cooperative that provides financial inclusion."

## Mission

"Provide competitive banking and financial services enabling cooperatives to build capacity, good governance and apply latest technology."

## Long Term Objectives

– Provide quality service to member using modern tools and technology
– Provide training, education and workshop to increase the capacity of member
– Advocate for timely updating of cooperative friendly rules and regulations
– Enhance the cooperation with national and international agency
– Increase employment by mobilizing capital in production sector through cooperatives
– Provide membership to all kinds of cooperatives
– Assist to reduce poverty by mobilizing fund through cooperative sector
– Meet the changing needs of members
– Help cooperative sector to become a professional and sound financial service provider in Nepal

## चार उपसमिति गठन

ललितपुर/देशभरका सम्पूर्ण सहकारी संघ संस्थाहरुको एकमात्र बैंक, राष्ट्रिय सहकारी बैंक लिमिटेडको सञ्चालक समितिले विभिन्न ४ वटा उपसमिति गठन गरेको छ। सञ्चालक समितिका अध्यक्ष रमेशप्रसाद पोखरेलको अध्यक्षतामा कात्तिक २५ गते बसेको बैठकले कर्जा, शिक्षा तथा तालिम, सूचना, सञ्चार तथा प्रकाशन र पदपूर्ति उपसमिति गठन गरेको हो ।

कर्जा उपसमितिको संयोजकमा बैंकका सञ्चालक रामशरण शर्मा घिमिरे तथा सदस्यहरुमा सञ्चालक ज्ञानबहादुर तामाङ र प्रवन्ध सञ्चालक के.बी.उप्रेती रहनु भएको छ। शिक्षा तथा तालिम उपसमितिको संयोजकमा सञ्चालक सरिता भट्टराई तथा सदस्यहरुमा सञ्चालक देवराज पराजुली, रामशरण बस्नेत र राजेन्द्र पौडेल तथा सदस्य सचिवमा प्रवन्धक नवराज उपाध्यायलाई चयन गरेको छ।

यस्तै सूचना, सञ्चार तथा प्रकाशन उपसमितिको संयोजकमा सञ्चालक रामबहादुर जिसी तथा सदस्यहरुमा विन्देश्वर श्रेष्ठ, महेन्द्र गिरी, डिल्ली पोखरेल र सदस्य सचिवमा वैंकका अधिकृत नविन कार्कीलाई चयन गरेको छ।

यसैगरी पदपूर्ति उपसमितिको संयोजकमा सञ्चालक हरिहरनाथ योगी तथा सदस्यहरुमा सञ्चालक रामहरि बजगाई तथा प्रवन्ध सञ्चालक के.बी.उप्रेती, नायव महाप्रवन्धक बद्रीकुमार गुरागाई र सदस्य सचिवमा प्रवन्धक हरिकृष्ण सापकोटा रहनु भएको छ।

## वर्तमान सञ्चालक समिति : २०७०/०७५

**सल्लाहकारहरु :**

- केशव बडाल
- दिपकप्रकाश बास्कोटा,
- डा.हरिकृष्ण उपाध्याय
- विष्णुबहादुर के.सी.
- प्रा.डा.विश्वम्भर प्याकुरेल
- धर्मदत्त देवकोटा
- भागवत श्रेष्ठ

१. अध्यक्ष : रमेशप्रसाद पोखरेल
२. प्रवन्ध सञ्चालक : के.बी. उप्रेती
३. सदस्य : रामशरण शर्मा घिमिरे
४. सदस्य : हरिहरनाथ योगी
५. सदस्य : सरिता भट्टराई
६. सदस्य : रामबहादुर जि.सी.
७. सदस्य : रामहरि बजगाईं
८. सदस्य : देवराज पराजुली
९. सदस्य : ज्ञानबहादुर तामाङ
१०. सदस्य : विष्णुहरि पौडेल (पदेन रजिष्ट्रार सहकारी विभाग)
११. सदस्य : (पदेन राष्ट्रिय सहकारी संघ लि.)

**लेखा समिति :**

संयोजक : कुलचन्द्र अधिकारी
सदस्य : सागर नेपाल
सदस्य : लक्ष्मीप्रसाद उप्रेती

# राष्ट्रिय सहकारी बैंकका दश वटा साधारण सभा भएको मिति र स्थान

**प्रारम्भिक साधारणसभा :**

राष्ट्रिय सहकारी बैंक को प्रारम्भिक साधारणसभा २०६० पुस १९ गते शनिबार राष्ट्रिय योजना आयोगका सदस्य डा. हरिकृष्ण उपाध्यायको प्रमुख आतिथ्य मा सहकारी प्रशिक्षण केन्द्र नयाँ बानेश्वर काठमाडौँमा सम्पन्न भएको थियो । उक्त साधारण सभाले पहिलो कार्यकालका लागि सञ्चालक समिति र लेखा समिति को निर्बाचित समेत गरेको थियो ।

**प्रथम साधारणसभा :**

प्रथम वार्षिक साधारणसभा २०६२ बैशाख १६ गते शुक्रबार शिक्षा तथा खेलकुद मन्त्री राधाकृष्ण मैनालीको प्रमुख आतिथ्यमा सहकारी प्रशिक्षण केन्द्र नयाँ बानेश्वरमा सम्पन्न भएको थियो ।

**दोस्रो साधारणसभा :**

दोस्रो वार्षिक साधारणसभा २०६३ जेठ २७ गते शनिबार वन तथा भू-संरक्षण मन्त्री गोपाल राईको प्रमुख आतिथ्यमा अतिथि सदन बिराटनगरमा सम्पन्न भएको थियो ।

**तेस्रो साधारणसभा :**

तेस्रो वार्षिक साधारणसभा २०६३ जेठ २७ गते उप-प्रधान तथा परराष्ट्रमन्त्री के.पी.शर्मा ओलीको प्रमुख आतिथ्यमा दिपेन्द्र सभागृह पोखरामा सम्पन्न भएको थियो ।

**चौथो साधारणसभा :**

चौथो वार्षिक साधरणसभा २०६३ पुस २१ गते शनिबार कृषि तथा सहकारी मन्त्री छविलाल बिश्वकर्माको प्रमुख आतिथ्यतामा ललितपुरमा सम्पन्न भएको थियो ।

**पाँचौ साधारणसभा :**

पाँचौ वार्षिक साधारणसभा २०६५ पुस २० र २१ गते अर्थमन्त्री डा.बाबुराम भट्टराईको प्रमुख आतिथ्यमा नेपाल प्रज्ञा प्रतिष्ठान मा सम्पन्न भएको थियो । उक्त साधारण सभा ले दोस्रो कार्यकालका लागि सञ्चालक समिति र लेखा समिति निर्वाचित गरेको थियो ।

**छैठौं वार्षिक साधारणसभा:**

छैठौं वार्षिक साधारणसभा २०६६ माघ २३ गते शनिबार संविधानसभाका अध्यक्ष सुवास नेम्बाङको प्रमुख आतिथ्यतामा झापाको मेचीनगर ३, धुलाबारीमा सम्पन्न भएको थियो ।

**सातौं वार्षिक साधारणसभा :**

सातौं वार्षिक साधारणसभा २०६७ पौष २४ गते शनिबार संविधानसभाका अध्यक्ष सुवास नेम्वाङको प्रमुख आतिथ्यतामा काभ्रेको बनेपा नगरपालिका-६ मा सम्पन्न भएको थियो ।

**आठौं वार्षिक साधारणसभा :**

आठौं वार्षिक साधारणसभा २०६८ मंसिर २८ गते कृषि तथा सहकारी मन्त्री नन्दन कुमार दत्तको प्रमुख आतिथ्यतामा भक्तपुरको बोडेस्थित कृषि विकास बैंक लिको केन्द्रीय तालिम केन्द्रमा सम्पन्न भएको थियो ।

**नवौं वार्षिक साधारणसभा :**

नवौं वार्षिक साधारणसभा २०६९ मंसिर २८ गते राष्ट्रिय सहकारी संघ लि.का अध्यक्ष केशव वडालको प्रमुख आतिथ्यतामा भृकुटीमण्डप काठमाडौमा सम्पन्न भएको थियो ।

**दशौं वार्षिक साधारणसभा :**

दशौं वार्षिक साधारणसभा २०७० मङ्सिर २३ र २४ मा राष्ट्रिय सहकारी संघ लि.का अध्यक्ष माननीय केशव वडालको प्रमुख आतिथ्यतामा प्रज्ञा प्रतिष्ठान काठमाडौमा सम्पन्न भएको थियो । उक्त साधारणसभाले तेस्रो कार्यकालका लागि सञ्चालक समिति र लेखा समितिको निर्वाचित समेत गरेको थियो ।

## तदर्थ सञ्चालक समिति :

१. अध्यक्ष : राजेशहरि जोशी
२. सदस्य : के.बी. उप्रेती
३. सदस्य : गोविन्दबहादुर मल्ल
४. सदस्य : रमेशप्रसाद पोखरेल
५. सदस्य : डि.बी. बम्जन
६. सदस्य : सि.बी. लामा
७. सदस्य : मुक्तिनाथ पाण्डे
८. सदस्य : विनोदकुमार अधिकारी
(पदेन रजिष्ट्रार सहकारी विभाग)
९. सदस्य : विष्णुदत्त शर्मा
(पदेन राष्ट्रिय सहकारी संघ लि.)

## पहिलो सञ्चालक समिति : २०६०/०६५

१. अध्यक्ष : राजेशहरि जोशी
२. प्रबन्ध सञ्चालक : के.बी. उप्रेती
३. सदस्य : गोविन्दबहादुर मल्ल
४. सदस्य : रमेशप्रसाद पोखरेल
५. सदस्य : डा.विदुर चालिसे
६. सदस्य : राममान श्रेष्ठ
७. सदस्य : नमराज सापकोटा
८. सदस्य : भागवत श्रेष्ठ
९. सदस्य : मार्कण्डेय उपाध्याय
(पदेन रजिष्ट्रार सहकारी विभाग)
१०. सदस्य : डिल्ली तिवारी
(पदेन राष्ट्रिय सहकारी संघ लि.)

**लेखा समिति :**

संयोजक : ओमप्रकाश शर्मा
सदस्य : कुलचन्द्र अधिकारी
सदस्य : गणेशप्रसाद बस्नेत

## दोस्रो सञ्चालक समिति : २०६५/०७०

सल्लाहकारहरु :
- केशव वडाल
- दिपकप्रकाश बास्कोटा
- केशव नेपाल
- डा.हरिकृष्ण उपाध्याय
- विष्णुबहादुर के.सी.
- प्रा.डा.विश्वम्भर प्याकुरेल
- भागवत श्रेष्ठ

१. अध्यक्ष : रमेशप्रसाद पोखरेल
२. प्रबन्ध सञ्चालक : के.बी. उप्रेती
३. सदस्य : राजेशहरि जोशी
४. सदस्य : डा. विदुर चालिसे
५. सदस्य : गणेशप्रसाद बस्नेत
६. सदस्य : रामशरण शर्मा घिमिरे
७. सदस्य : सरिता भट्टराई
८. सदस्य : हरिहरनाथ योगी
९. सदस्य : मुकुन्द दाहाल
१०. सदस्य : सुदर्शन ढकाल
(पदेन रजिष्ट्रार सहकारी विभाग)
११. सदस्य : विजयराज घिमिरे
(पदेन राष्ट्रिय सहकारी संघ लि.)

**लेखा समिति :**

संयोजक : कुलचन्द्र अधिकारी
सदस्य : रामबहादुर जि.सी.
सदस्य : कुमार खत्री

### बैंकको शेयर खरिद गर्दा चाहिने आवश्यक कागजातहरू :

- सहकारी संघसंस्थाको दर्ता प्रमाणपत्र,
- संस्थाको विनियम
- स्थायी लेखा नम्बर (प्यान)
- संस्थाको अन्तिम वर्षको लेखापरीक्षण प्रतिवेदन
- शेयर खरिद सम्बन्धी सञ्चालक समितिको निर्णय,
- संघ संस्थाको तर्फबाट तोकिएको प्रतिनिधिको नाम

# राष्ट्रिय सहकारी बैंक लि.

केन्द्रिय कार्यालय ,कुपण्डोल, ललितपुर

अनुसूची ४.३५ क

लेखा परिक्षण नभएको बित्तिय विवरण (अपरिष्कृत)

चौंथो त्रैमास आ.व. २०७०/०७१ (मिति २०७१/३/३२) रकम रु हजारमा

| क्र.सं. | विवरण | यस त्रैमासमा | गत त्रैमासमा | गतवर्षको यस त्रैमासमा |
|---|---|---|---|---|
| **१** | **कुल पुंजी तथा दायित्व (१.१ देखि १.७)** | ९,३१३,८७४ | ६,१५२,२९५ | ६,१२७,७७३ |
| १.१ | शेयर पुंजी | ६१२,३९३ | ५८६२१६ | ५०७५१० |
| १.२ | जगेडा तथा कोषहरु | ११८,५२३ | (२७४३९७ | १४४३०७ |
| १.३ | ऋणपत्र तथा वण्ड | | | |
| १.४ | तिर्न बाँकी कर्जा सापट | ६८४,४८१ | ६२८९८४ | ४०१९५८ |
| १.५ | **निक्षेप दायित्व** | **७,६९०,७४२** | **५,१०९,९८५** | **४,९९४,०७७** |
| | क. स्वदेशी मुद्रा | ७,६९०,७४२ | ५१०९९८५ | ४९९४०७७ |
| | ख.बिदेशी मुद्रा | | | |
| १.६ | आयकर दायित्व | | | |
| १.७ | अन्य दायित्व | २०७,७३५ | १०१५०७ | ७९९२१ |
| २ | **कुल सम्पती (२.१ देखि २.७)** | ९,३१३,८७४ | ६,१५२,२९५ | ६,१२७,७७३ |
| २.१ | नगद तथा बैंक मौज्दात | ४,४३५,२२८ | १७३००८२ | २११८७६१ |
| २.२ | माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | | | |
| २.३ | लगानी | ८२२,६०५ | ८७९६०५ | ७२९६०५ |
| २.४ | कर्जा सापट तथा बिल खरिद | ३,९६३,७२७ | ३४३३१०७ | ३२१६१६६ |
| २.५ | स्थिर सम्पती | २९,११९ | २९६७९ | २५८५९ |
| २.६ | गैर बैकिङ्ग सम्पती | ६,३३५ | | |
| २.७ | अन्य सम्पती | ५६,८६० | ७९८२२ | ३७३८२ |
| **३** | **नाफा नोक्सान हिसाब** | | | |
| ३.१ | ब्याज आम्दानी | ६९०,६५१ | ४६४,१७२ | ५०३,७०२ |
| ३.२ | ब्याज खर्च | ४१७७९६ | २९२८०६ | ३०८६१२ |
| | **खुद ब्याज आम्दानी** | २७२८५५ | १७१३६६ | १९५०९० |
| ३.३ | कमिशन तथा डिस्काउण्ट | ४६७ | | |
| ३.४ | अन्य सञ्चालन आम्दानी | ३१,५४८ | २१,८७२ | ३३,१०२ |
| ३.५ | सटही घटबढ नाफा/नोक्सान | | | |
| | **कुल सञ्चालन आम्दानी** | **३०४,८७०** | **१९३,२३८** | **२२८,१९२** |
| ३.६ | कर्मचारी खर्च | ५७,५०६ | ३८,७६३ | २९,७२० |
| ३.७ | अन्य संचालन खर्च | ४३,४५९ | २५,२३९ | ३३,१०४ |
| | **सम्भावित नोक्सानी व्यवस्था अघिका सञ्चालन मुनाफा** | **२०३,९०५** | **१२९,२३६** | **१६५,३६८** |
| ३.८ | सम्भावित नोक्सानी व्यवस्थाहरु | ६३३,३२८ | ५४८,२९१ | ११५,०५३ |
| | **सञ्चालन मुनाफा** | **(४२९,४२३)** | **(४१९,०५५)** | **५०,३१५** |
| ३.९ | गैर संचालन आम्दानी/खर्च | (८६) | (२४) | (२२) |
| ३.१० | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ५५३,३२२ | ४६,३०५ | ९१,८७४ |
| | **नियमित कारोबारबाट भएको मुनाफा** | **५५३,२३६** | **४६,२८१** | **९१,८५२** |
| ३.११ | असामान्य कारोबारबाट भएको आम्दानी/खर्च | – | | |
| | **सम्पुर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | **१२३,८१३** | **(३७२,७७४)** | **१४२,१६७** |
| ३.१२ | कर्मचारी बोनस व्यवस्था | ११,२५६ | | १२,९२४ |
| ३.१३ | आयकर व्यवस्था | **२२,५११** | | २५,८४९ |
| | **खुद नाफा/नोक्सान** | **९०,०४६** | **(३७२,७७४)** | **१०३,३९४** |
| ४ | **अनूपातहरु** | | | |
| ४.१ | जोखिम भारित सम्पतीमा पुंजीको पर्याप्तता (प्रतीशत) | १३.४४ | ७.२२ | १४.५५ |
| ४.२ | निष्क्रिय कर्जा/कुल कर्जा (प्रतिशत) | १.२८ | ११.९१ | ०.५६ |
| ४.३ | कर्जा नोक्सानी व्यवस्था/निष्क्रिय कर्जा | १४६.५७ | १०७.३९ | २७०.५७ |
| ४.४ | पुजिको औसत लागत | ७.२५ | ७.०५ | ९.६४ |
| ४.५ | कर्जा /निक्षेप अनुपात (प्रतिशत) | ५१.५४ | ६७.१८ | ६४.४० |

# ३० लाख भन्दा बढी शेयर भएका संघ संस्थाहरुको नामावली

| सिं.नं. | संस्थाको नाम | ठेगाना | शेयर रकम |
|---|---|---|---|
| | **वर्ग घ (५५ लाख देखि माथि)** | | |
| १ | हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लि. | कुपण्डोल,ललितपुर | १,९०,४६,००० |
| २ | सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. | चारपाने-३,झापा | १,५०,००००० |
| ३ | लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि. | वुटवल- ६, रुपन्देही | १०५१०००० |
| ४ | नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालय | सिंहदरबार,काठमाण्डौं | १०,०००,००० |
| ५ | संकटा बचत तथा ऋण सहकारी संस्था लि. | न्यरोड, काठमाण्डौ | ६५,०००,०० |
| ६ | मिलन बहुदेश्यीय सहकारी संस्था लि. | पाको न्यूरोड, काठमाडौं | ५६,३०,००० |
| ७ | नमोबुद्ध बहुउद्देश्यीय सहकारी संस्था लि. | धापासी□-९,बसुनधारा,काठमाडौं | ५६,११,००० |
| ८ | आई.एम.ई को-अपरेटिभ सर्भिस लिमिटेड | कान्तिपथ ,काठमाण्डौ | ५६,१०,००० |
| ९ | चाईना ट्रेड बहुउदेश्यीय सहकारी सँस्था लि. | महाबौद्ध,काठमाडौं | ५६,०१,००० |
| १० | कान्तिपुर सेभिङ एण्ड क्रेडिट को□अपरेटिभ लि. | तिनकुने, काठमाण्डौ | ५६,०१,००० |
| ११ | प्रभु कोअपरेटिभ सर्भिस लिमिटेड | लैनचोर, काठमाण्डौ | ५,६००,००० |
| १२ | सीतापाइला बहुउदेश्यीय सहकारी सँस्था लि. | सीतापाइला, काठमाडौं | ५६००००० |
| १३ | जेष्ट बचत तथा ऋण सहकारी संस्था लि. | गोंगबु,काठमाडौं | ५५९५००० |
| १४ | विराट वचत तथा ऋण सहकारी संस्था लि. | तिनकुने, काठमाण्डौं | ५५,५०,००० |
| १५ | हेलो कञ्चनजंघा बचत तथा ऋण सहकारी संस्था लि. | प्यूखा-२४,न्यूरोड,काठमाण्डौ | ५५,१०,००० |
| १६ | लालिगुराँस बचत तथा ऋण सहकारी संस्था लि. | खुशीबु ,काठमाण्डौ | ५५,१०,००० |
| १७ | पशुपति सेभिङ्ग एण्ड क्रेडिट को□-उपरेटिभ लि. | पुल्चोक, ललितपुर | ५५१०००० |
| १८ | त्रिशुली बचत तथा ऋण सहकारी सँस्था लि. | नुवाकोट | ५५१०००० |
| १९ | चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. | बनेपा□-६, काभ्रे | ५५०५००० |
| २० | ज्योती बहुउदेश्यीय सहकारी सँस्था लि. | महेन्द्रज्योति□-२, काभ्रे | ५५०५००० |
| २१ | गतिशील बचत तथा ऋण सहकारी सँस्था लि. | ललितपुर-११ | ५५०१००० |
| | **वर्ग ग (३० लाख देखि ५५ लाख सम्म)** | | |
| १ | सामुहिक विकास बचत तथा ऋण सहकारी संस्था लि. | शंकरनगर, रुपन्देही | ५५००००० |
| २ | प्रतिभा बहुउदेश्यीय सहकारी सँस्था लि. | थसिखेल, ललितपुर | ४०००००० |
| ३ | सयपत्री बचत तथा ऋण सहकारी संस्था लि. | धरान-९,सुनसरी | ३५००००० |
| ४ | क्यापिटल सेभिङ एण्ड क्रेडिट को□अपरेटिभ लि. | क्षेत्रपाटी, काठमाण्डौ | ३१०५००० |
| ५ | नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. | काकरभिट्टा, झापा | ३१००००० |
| ६ | जनउद्धार सहकारी संस्था लि. | बसन्तपुर, काठमाण्डौ | ३१००००० |
| ७ | प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि. | इमाडोल, ललितपुर | ३०१०००० |
| ८ | मनकामना वित्तीय सहकारी सँस्था लि. | बनेपा□-१०, काभ्रे | ३००५००० |
| ९ | उपकार बचत कोष तथा ऋण सहकरी सँस्था लि. | वालिङ, स्याङजा | ३००१००० |
| १० | गोर्खा सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लि. | तल्सीखेल, ललितपुर | ३००१००० |
| ११ | स्तुपा स्वास्थ सेवा सहकारी सँस्था लि. | बौद्ध, काठमाडौं | ३००१००० |
| १२ | नेशनल गोर्खा सेभिङ्ग एण्ड क्रेडिट को□-अपरेटिभ लि. | सामाखुशी-२९, काठमाण्डौ | ३००१००० |

# राष्ट्रिय सहकारी बैंक लिमिटेड केन्द्रिय कार्यालय र शाखा कार्यालयहरुको विवरण

| क्र.सं. | कार्यालय | ठेगाना | फोन नं. | फ्याक्स नं. | कार्यालय प्रमुख |
|---|---|---|---|---|---|
| १. | केन्द्रिय कार्यालय | कुपण्डोल, ललितपुर | ०१-५०११७८२ | ०१-५५५५६८७ | के.बी.उप्रेती |
| २. | शाखा कार्यालय | लगनखेल,ललितपुर | ०१-५५२९८७९ | ०१-५५५४८७९ | रमा घिमिरे |
| ३. | शाखा कार्यालय | चापागाँउ, ललितपुर | ०१-५५७४५८४ | ०१-५५७४५८४ | युवराज पाण्डे |
| ४. | शाखा कार्यालय | नयाँबानेश्वर, काठमाडौं | ०१-४४६१९०७ | ०१-४१०४१५० | मधु रायमाझी |
| ५. | शाखा कार्यालय | चाबहिल, काठमाडौं | ०१-४४७५४७५ | ०१-४४७५४७५ | सविना बस्नेत |
| ६. | शाखा कार्यालय | गोगंबु,काठमाडौं | ०१-४३६४६३४ | ०१-४३६४६३४ | विनोद भट्टराई |
| ७. | शाखा कार्यालय | कलंकी, काठमाडौं | ०१-४२८४३९९ | ०१-४२८४३९९ | सुरेश खनाल |
| ८. | शाखा कार्यालय | न्यूरोड, काठमाडौं | ०१-४२१६०२२ | ०१-४२१६०२२ | केदारनाथउप्रेती |
| ९. | शाखा कार्यालय | बिर्तामोड,झापा | ०२३-५४०६३३ | ०२३-५४०६३३ | विरवल राजवंशी |
| १०. | शाखा कार्यालय | दमक, झापा | ०२३-५८५४३१ | ०२३-५८५४३१ | सुनिलश्रेष्ठ |
| ११. | शाखा कार्यालय | उर्लाबारी, मोरङ | ०२१-५४१८६५ | ०२१-५४१८६५ | प्रभु पोखरेल |
| १२. | शाखा कार्यालय | विराटनगर, मोरङ | ०२१-४७०८९८ | ०२१-४७०१५३ | हिमा मैनाली |
| १३. | शाखा कार्यालय | इटहरी, सुनसरी | ०२५-५८७७६७ | ०२५-५८७७६७ | भरतकुमार चिमरीया |
| १४. | शाखा कार्यालय | बारा, सिमरा | ०५३-५२१०३८ | ०५३-५२१०३८ | निरज अर्याल |
| १५. | शाखा कार्यालय | हेटौडा, मकवानपुर | ०५७-५२६९५५ | ०५७-५२६९५५ | रामकुमार तिमिल्सिना |
| १६. | शाखा कार्यालय | बुटवल, रुपन्देही | ०७१-५४०८०४ | ०७१-५४०८०४ | नरेश पाण्डे |
| १७. | शाखा कार्यालय | घोराही, दाङ | ०८२-५६१९९७ | ०८२-५६१९९७ | दिपेन्द्र नेपाल |
| १८. | शाखा कार्यालय | विरेन्द्रनगर, सुर्खेत | ०८३-५२५२२९ | ०८३-५२५२२९ | विष्णु गिरी |
| १९. | शाखा कार्यालय | गोदामचोक, वागलुङ | ०६८-५२२५२९ | ०६८-५२२५२९ | प्रकाश सापकोटा |
| २०. | शाखा कार्यालय | वालिङ, स्याङजा | ०६३-४४०६३३ | ०६३-४४०६३३ | निरोज पराजुली |
| २१. | शाखा कार्यालय | दमौली, तनहुँ | ०६५-५६२२५२ | ०६५-५६२२५२ | उपेन्द्र दाहाल |
| २२. | शाखा कार्यालय | पोखरा, कास्की | ०६१-५३९४०४ | ०६१-५३९४०४ | सन्तोष घिमिरे |
| २३. | शाखा कार्यालय | विदुर, नुवाकोट | ०१०-५६०९६६ | ०१०-५६०९६६ | बैकुण्ठ मिश्र |
| २४. | शाखा कार्यालय | बनेपा, काभ्रे | ०११-६६१०६३ | ०११-६६१०६३ | सिद्धी कुमार श्रेष्ठ |
| २५. | शाखा कार्यालय | चरीकोट, दोलखा | ०४९-४२१८७३ | ०४९-४२१८७३ | हेमन्तचौलागाई |
| २६. | शाखा कार्यालय | धरान, सुनसरी | ०२५-५२५४७९ | ०२५-५२५४७९ | सुमन श्रेष्ठ |
| २७. | शाखा कार्यालय | दैलेख | ०८९-४२०५७७ | ०८९-४२०५७७ | निताकुमारीथापा |
| २८. | शाखा कार्यालय | ठिमी, भक्तपुर | ०१-५०९३०१८ | ०१-५०९३०१८ | विवेक डाँगी |
| २९. | शाखा कार्यालय | कोहलपुर, बाँके | ०८१-५४१९०२ | ०८१-५४१९०२ | किसनश्रेष्ठ(चोच्छे) |
| ३० | शाखा कार्यालय | सिन्धुलीमाडी, सिन्धुली | ०४७-५२०६४५ | ०४७-५२०६४५ | हिरालाल सुनुवार |
| ३१. | शाखा कार्यालय | इलाम | ०२७-५२१९२४ | ०२७-५२१९२४ | गोपालकाफ्ले |
| ३२. | शाखा कार्यालय | जनकपुर, धनुषा | ०४१-५३०२०९ | ०४१-५३०२०९ | सन्तोष ढकाल |
| ३३. | शाखा कार्यालय | सप्तरी, राजविराज | ०३१-५२३६९९ | ०४१-५३०२०९ | लोकेन्द्र के.सी |
| ३४. | शाखा कार्यालय | पर्सा, विरगंज | ०५१-५२१११९ | | युवराज त्रिपाठी |

# राष्ट्रिय सहकारी बैंकको प्रशिक्षण कार्यक्रम

ललितपुर/राष्ट्रिय सहकारी बैंक लि.ले आफ्ना सदस्यहरुलाई वित्तिय सेवाका साथै वित्तिय तथा सहकारी सम्बन्धी तालिम सञ्चालन गर्न थालेको छ।

आफ्ना सदस्यहरुको अवश्यकता र माग अनुसारको बिबिध तालिम, गोष्ठी तथा सहभागिता मुलक कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ।

बैंकका शाखा कार्यालयहरुको समन्वयमा सदस्य संस्थाहरुको माग अनुरुप कर्जा मूल्यांकन, कर्जा लगानी व्यवस्थापन, प्राविधिक धितो मूल्यांकन, लघुवित्त कर्जा व्यवस्थापन, कर्जा अनुगमन, कर्जा असुली तरिका, कर्जा सम्बन्धी कानूनी प्रावधान लगायत कर्जा सम्बन्धी सम्पूर्ण विषयमा सम्बन्धित क्षेत्रका व्यक्तिहरुबाट प्रशिक्षण दिइएको थियो। आगामी ५ वर्ष भित्र बैंकमा आवद्ध सवै सहकारीका सदस्य, कर्मचारीहरुलाई प्रशिक्षित गर्ने योजना बैंकले बनाएको छ। हालसम्म शाखाको संयोजनमा गरिएको तालिमको विवरण तल दिइएको छ।

**तालिममा सहभागी संघ/संस्थाहरु तथा प्रतिनिधिहरुको विवरण**

| क.सं | जिल्ला | शाखा | सहभागी संस्थाको संख्या | | | सहभागी प्रतिनिधिको संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | बचत ऋण | अन्य | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | झापा | विर्तामोड | १३ | १५ | २८ | ५ | २५ | ३० |
| २ | | दमक | १५ | ६ | २१ | ७ | २२ | २९ |
| ३ | मोरंङ्ग | उर्लावारी | १९ | १२ | ३१ | ८ | २३ | ३१ |
| ४ | | विराटनगर | १८ | १७ | ३५ | ८ | २७ | ३५ |
| ५ | सुनसरी | ईटहरी | १२ | १८ | ३० | ७ | २३ | ३० |
| ६ | | धरान | २७ | ० | २७ | ७ | २० | २७ |
| ७ | तनहु | तनहु | २० | १६ | ३६ | १७ | ३८ | ५५ |
| ८ | वाग्लुङ्ग | वाग्लुङ्ग * | १२ | १३ | २५ | ९ | १६ | २५ |
| ९ | नुवाकोट | नुवाकोट | १२ | १८ | ३० | ५ | २५ | ३० |
| १० | ईलाम | इलाम | १० | २७ | ३७ | १२ | २६ | ३८ |
| ११ | सप्तरी | राजविराज | १० | १९ | २९ | ५ | ३६ | ४१ |
| १२ | बाँके | कोहलपुर | ९ | २४ | ३३ | १४ | १९ | ३३ |
| १३ | सुर्खेत | सुर्खेत * | १७ | १४ | ३१ | १० | २१ | ३१ |
| जम्मा | | | १९४ | १९९ | ३९३ | ११४ | ३२१ | ४३५ |




**बैंकको कोहलपुर शाखाले बांकेमा आयोजना गरेको तालिमका सहभागी, प्रशिक्षक र शाखाका कर्मचारीहरू**

# बैंकको विप्रेषण कारोबारमा वृद्धि

ललितपुर/राष्ट्रिय सहकारी बैंकले बैदेशिक रोजगारमा जानेहरुको निमित्त उपयोगी बैंकिंग सेवाहरुलाई एकीकृत गरी विभिन्न रेमीटेन्स कम्पनीहरु को सहकार्यमा आफ्ना सम्पूर्ण शाखाहरु मार्फत भुक्तानी गर्ने व्यवस्था गरेको छ।

वर्तमानमा आई.एम.इ., प्रभु मनि वेस्टन यूनियन , हिमाल रेमिट आदिबाट प्राप्त रेमीटेन्स हरु वितरण गर्ने कारोवार जारीरहेको र आफ्नै सेवा एन.सी.बी.एल. रेमिट मार्फत समेत आफ्ना शाखा कार्यालय मार्फत सुलभ दरमा रेमीटेन्स भुक्तानी सेवा प्रदान गर्दै आइरहेको छ। अन्य सेवाहरुमा समेत टेलिफोन, ए.डि.एस.एल. बिल भुक्तानी, मोवाइल,डीसहोम रिचार्ज सेवा प्रदान समेत गर्ने गरेको छ र आगामी समयमा अन्य रेमीट तथा आबद्ध सदस्य हरुको माग अनुसार का सेवा थप गर्ने योजना समेत रहेको छ।

## राष्ट्रिय सहकारी बैंक लिमिटेडको ११ औ साधारणसभामा पुरस्कृत हुने सहकारी संघ संस्था र संस्थापक, पूर्व सञ्चालक, सहकारी सम्बन्धी शैक्षिक क्षेत्रका व्यक्तित्व र कर्मचारीहरु

**१) उत्कृष्ट क्षेत्रिय पुरस्कार**

**क) पूर्वाञ्चल क्षेत्र** : मोरंग बचत तथा ऋण सहकारी संस्था लि. (लेटांग, मोरंग )
**ख) मध्यमाञ्चल क्षेत्र** : विन्ध्यवासिनी बचत तथा ऋण सहकारी संस्था लि. (पनौती, काभ्रे )
**ग) पश्चिमाञ्चल क्षेत्र** : भद्रकाली बहुउद्देश्यीय सहकारी संस्था लि. (बुटवल, रुपन्देही )
**घ) मध्य-पश्चिमाञ्चल क्षेत्र** : जन हितकारी बचत तथा ऋण सहकारी संस्था लि। (सुर्खेत )
**ङ) सुदुर-पश्चिमाञ्चल क्षेत्र** : नवजीवन कोअपरेटिभ (धनगढी, कैलाली )
**च) उपत्यका** : उपकार बचत तथा ऋण सहकारी संस्था लि. (नगदेश, भक्तपुर )
**छ) महिला सहकारी** : महिला समाज सेवा बचत तथा ऋण सहकारी संस्था लि. (कोहलपुर, बाँके )
**ज) उत्पादन सहकारी** : समाज सुधार कृषि सहकारी संस्था लि. (डुमरवाना, बारा )

**२) संस्थापक सञ्चालक सम्मान :** मुक्तिनाथ पाण्डे, प्रतापपुर बहुउद्देश्यीय सहकारी संस्था लि. (नवलपरासी )

**३) पूर्व संचालक सम्मान :** स्वः गणेश प्रसाद बस्नेत (मरणोंपरान्त) लेखा समिति सदस्य ५ वर्ष र सञ्चालक ४ वर्ष ६ महिना)

**४) सहकारी विद्वता पुरस्कार :** डा.खगराज शर्मा, बुटवल (Ph.D. in Economics, Topic : Saving and Credit Cooperative as a poverty reduction programme, a case study of Rupandehi district, Nepal, 2069)

**५) उत्कृष्ट कर्मचारी पुरस्कार :**

क) शाखा प्रमुख मध्येबाट : रमा घिमिरे, लगनखेल शाखा
ख) सहायक तथा अधिकृत मध्येबाट : नारायण लामिछाने, कोहलपुर शाखा
ग) कार्यालय सहयोगी मध्ये बाट : सन्तोष कार्की, बनेपा शाखा

# बैंकका सञ्चालक र कर्मचारीबाट बाढी पीडितलाई आर्थिक सहयोग

ललितपुर/राष्ट्रिय सहकारी बैंक लिमिटेडको सामाजिक उत्तरदायित्व अन्तरगतको क्रियाकलाप राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफुसंग आबद्ध सम्पूर्ण सहकारी संघ संस्था हरुको विकास र हितको लागि एबम सम्पूर्ण सहकारी आन्दोलनको निमित्त विभिन्न समयमा विभिन्न कार्यक्रमहरु सम्पन्न गर्ने गरेको छ।

गत साउन भदौमा देशका विभिन्न भागमा आएको बाढी पहिरोका कारण मृत्यु भएकाहरुलाई श्रद्धाञ्जली अर्पण गर्नुका साथै बाढी पहिरो पीडितहरुका लागि सञ्चालक समितिका पदाधिकारी सदस्य, लेखा समितिका संयोजक सदस्यहरु र बैंकका सम्पूर्ण कर्मचारीहरुको एक दिनको वैठक भत्ता तथा तलवबाट १ लाख १९ हजार ९ सय २७ रुपैया छुट्टयाइएको बैंक व्यवस्थापनले जनाएको छ।




सञ्चालक, लेखा समिति र उच्च व्यवस्थापनका कर्मचारीहरुका लागि आयोजित CUDCC तालिममा सहजकर्ताहरु सहित

# बैंकका कर्मचारीहरूका लागि वृत्तिविकास तालिम




ललितपुर/राष्ट्रिय सहकारी बैंक लि.का अधिकृत, शाखा प्रमुख तथा वरिष्ठ सहायक कर्मचारीहरुलाई बृतीविकास को निस्तर अबसरहरु प्रदान गर्न,सेवामा गुणस्तरीयता बढाउन, थप कार्यभारको पहिचान, समस्या समाधान,एबम अनुभव साटासाट गर्न २०७१ कर्तिक २, ३ र ४ गते ३ दिने राष्ट्रिय कार्यशाला गोष्टी ललितपुरमा सम्पन्न भएको छ । कार्यक्रमले कर्मचारीहरुको मनोबल उच्च रहने र बैंकको सेवा प्रवाहमा थप गुणस्तरीयता बढने अपेक्षा बैंकले गरेको छ । बैंकले कर्मचारीको समग्र विकास गराउने तथा विभिन्न कार्यहरुको ज्ञान दिने उद्धेश्यले कर्मचारीहरुलाई उनीहरुको ज्ञान, सिप र दक्षताको आधारमा अनुभव साटासाट तथा प्रस्तुतीकरण गराईएको बैंकले जनाएको छ। कार्यक्रममा उच्च व्यवस्थापनको तर्फबाट विभिन्न नीति नियम तथा बैंक को भावी योजना तथा रणनीतिको बारेमा जानकारी तथा निर्देशन दिइएको थियो ।

---

## हार्दिक वधाई तथा शुभकामना



रमेश प्रसाद पोखरेल



केशव बडाल



धर्मदत्त देवकोटा

राष्ट्रिय सहकारी संघ लिमिटेडको २२ औं वार्षिक साधारणसभाबाट यस बैंकका अध्यक्ष श्री**रमेश प्रसाद पोखरेल**सञ्चालक समितिको सदस्य साथै सल्लाहकारद्वय श्री **केशव बडाल** अध्यक्ष र **धर्मदत्त देवकोटा** लेखा समिति संयोजक पदमा निर्वाचित हुनु भएकोमा वहाँहरु लगायत सम्पूर्ण निर्वाचित पदाधिकारी एवं सदस्यहरुलाई हार्दिक वधाई ज्ञापन गर्दै सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछौं ।

**के.बी. उप्रेती**
**प्रबन्ध सञ्चालक**

***तथा***

**राष्ट्रिय सहकारी बैंक लि.परिवार कुपण्डोल, ललितपुर**

# प्रस्तावित सहकारी ऐन २०७१ लाई नियाल्दा



**डिल्ली पोखरेल**
**सदस्य, सूचना, सञ्चार तथा प्रकाशन उप-समिति, रा.स. बैंक.**

लामो समयदेखि माग हुँदै आएको नयाँ सहकारी ऐन अब भने चाँडै आउने छाँटकाट देखिएको छ । आजभन्दा झन्डै २२ बर्ष अगाडि आएको मौजुदा सहकारी ऐन २०४८ ले वर्तमान समयको सहकारी अभियानलाई समेट्न नसक्ने भएपछि नयाँ ऐनको माग गरिदै आएको थियो ।

नयाँ ऐनका सम्बन्धमा सरकारले पटक-पटक समिति र उपसमितिहरु गठन गरी सरोकारवाला निकायहरुसँग राय सल्लाह र सुझाव संकलन गरिसकेपछि नयां ऐनको मस्यौदा तयार भएको बताइएको छ । यसरी तयार गरिएको सो मस्यौदालाई हालै प्रधानमन्त्री शुसिल कोइरालालाई बुझाएपछि संसदमा पेश हुने प्रक्रियामा पुगेको छ ।

राष्ट्रिय सहकारी विकास बोर्ड मार्फत अगाडि सारिएको उक्त ऐन संशोधन बिना पारित भए सहकारी संघ/संस्था र बैंक सम्बन्धी मौजुदा व्यवस्थापनमा आमूल परिवर्तन आउने देखिन्छ । प्रस्तावित मस्यौदाले सहकारीलाई उद्यमको रुपमा विकास गरी मुलुकको अर्थतन्त्रमा सहकारी क्षेत्रको योगदानलाई अभिबृद्धि गर्दै सामाजिक न्याय र उत्पादकत्वलाई प्रोत्साहन गर्न, सहकारीको मुल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्था वा संघ वा बैंकको गठन, सञ्चालन तथा नियमन गर्ने, सहकारी अभियान मार्फत सेवा, वित्त र उत्पादनका क्षेत्रमा व्यवसायिकरण तथा बजारीकरण गर्ने लक्ष्य लिएको छ । सहकारी क्षेत्रमा आवद्ध व्यक्तिको उद्यमशीलता अभिबृद्धि गरी आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरण गर्नका लागि सहकारी सम्बन्धी प्रचलित कानुनमा संशोधन तथा एकीकरण गर्नु बान्छनीय रहेको प्रस्तावित ऐनमा उल्लेख गरिएको छ ।

"सहकारी ऐन २०७१" नाम रहने गरी प्रस्ताव गरिएको सो मस्यौदामा विभिन्न संसोधन, एकीकरण तथा हेरफेर गरिएको भएता पनि केही मुख्य विषय वस्तुहरुलाई यहाँ बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

♦ कुनै पनि विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठनका लागि एक सय जना व्यक्तिको आवश्यकता पर्ने । ग्रामीण क्षेत्रमा भने तीस जना व्यक्ति भए पुग्ने ।

♦ एक गा.वि.स. मा सामान्यतया एक भन्दा बढी एकै प्रकृतिको संस्था दर्ता गर्न नसकिने ।

♦ संस्था वा संघ मिली छुट्टै व्यवसायिक संघ गठन गर्न सकिने ।

♦ मताधिकार नहुने गरी संस्था वा संघको बिनियममा उल्लेखित उद्देश्यहरु प्राप्त गर्ने संगठित संस्थालाई सहयोगी सदस्यता प्रदान गर्न सक्ने ।

♦ एक हजार भन्दा बढी सदस्य भएका संघ/संस्थाको प्रतिनीधिमूलक व्यवस्था गरिने ।

♦ बचत स्वीकार गर्ने र ऋण प्रदान गर्ने प्रयोजनका लागि नाम मात्रको सदस्य बनाउन नपाईने ।

♦ संस्था वा संघले एक्लै वा संयुक्त लगानीमा उद्योग वा अन्य परियोजना संचालन गर्न सक्ने ।

♦ नेपाल सरकार वा सरकारको पूर्ण तथा आंशिक स्वामित्व रहेका संस्था वा निकाय संगको संयुक्त लगानीमा उद्योग परियोजना संचालन गर्न सकिने ।

♦ शेयर लाभांसको रकम शेयर पूँजीको बीस प्रतिशत सम्म वितरण गर्न सकिने ।

♦संस्था वा संघ वा बैंकको अचल सम्पत्ति बाहेकको कारोवार सम्बन्धी कुनै लिखत रजिस्ट्रेशन गराउनु नपर्ने ।

♦आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर नलाग्ने ।

♦सेवा वस्तुहरुमा स्थानीय कर नलाग्ने ।

♦सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा पूँजीगत लाभकर नलाग्ने ।

♦ दृष्टिबन्धक पारित गर्दा कुनै शुल्क नलाग्ने ।

♦ आफ्नो प्रयोजनका लागि खरिद गरिने कार्यालय उपकरण तथा ढुवानी साधनहरुमा लाग्ने भन्सार महशुल वा बिक्रीकर प्रचलित कानुन बमोजिम पूरै छुट दिन सक्ने ।

♦ संघ/संस्थाले उत्पादन गरेको वस्तुमा अन्तशुल्क वा मुल्य अभिबृद्धिकर नलाग्ने ।

♦ संस्था वा संघ एकीकरण भएमा आयकर दुई बर्षका लागि छुट दिने ।

♦ महानगरपालिकामा १० प्रतिशत, उपमहानगरपालिकामा ७ प्रतिशत र नगरपालिकामा ५ प्रतिशत आयकर लाग्ने ।

♦ १ करोड भन्दा कम कारोवार गर्नेको हकमा जहाँसुकै भए पनि आयकर नलाग्ने ।

♦ संस्था वा संघ वा बैंकले आफ्ना सदस्यलाई वितरण गरेको शेयर लाभांस र ब्याजमा कर नलाग्ने ।

♦ सम्पत्ति वा निक्षेप हानी नोक्सानी पुऱ्याएर बिगो बमोजिम जरिवाना र ३ बर्ष सम्मको कैद गरिने ।

♦ बार्षिक रुपमा संकलन भएको राजस्वको कम्तीमा ५० प्रतिशत रकम सहकारी विकास बोर्डमा सरकारले उपलब्ध गराउनु पर्ने ।

**राष्ट्रिय सहकारी बैंक सम्वन्धी छुट्टै परिच्छेद -७ छुट्टयाईएको छ । त्यस परिच्छेदमा उल्लेख गरिएका केही महत्वपूर्ण विषयहरु निम्न छन्**

♦राष्ट्र बैंकको स्वीकृती लिई बन्ड वा डिभेन्चर जारी गर्न सक्ने ।

♦ विदेशी बिनिमयको कारोवार गर्न सक्ने ।

♦ क्लीयरिङ्ग हाउस सम्वन्धी काम गर्न सक्ने ।

♦ स्वदेशी तथा विदेशी संघ संस्था तथा निजी क्षेत्रसंग संयुक्त लगानी गर्न सक्ने ।

♦ विनिमयपत्र, प्रतिज्ञापत्र, यात्रुचेक, ड्राफ्ट, जारी गर्न सक्ने ।

♦ अटोमेटेक टेलर (एटिम) संचालन गर्न सक्ने ।

♦ प्रतिज्ञापत्र सम्वन्धि कार्य गर्न सक्ने ।

♦ आवश्यकता अनुसार विदेशी निकायसँग कर्जा वा सहयोग लिन सक्ने ।

♦ आवश्यकता परे बैंकको व्यवस्थापन राष्ट्र बैंकले लिन सक्ने ।

# राष्ट्रिय सहकारी संघमा निर्वाचित पदाधिकारी सदस्य र सहकारी सचिव तथा रजिष्ट्रारलाई बैंकद्वारा स्वागत

ललितपुर/मुलुकको आर्थिक समृद्धि गरी गरिवी निवारण गर्नका लागि सहकारी क्षेत्रलाई प्रभावकारी बनाउनु पर्नेमा ललितपुरमा आयोजित एक कार्यक्रमका वक्ताहरुले जोड दिएका छन् । सहकारीमा जाने बजेट सहकारी बैंक मार्फत परिचालन गर्न सके प्रभावकारी काम हुने वक्ताहरुको भनाइ थियो ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडले राष्ट्रिय सहकारी संघका नवनिर्वाचित पदाधिकारी सदस्यहरु, सहकारी तथा गरिवी निवारण मन्त्रालयमा नव आगन्तुक सचिव, राष्ट्रिय सहकारी विकास बोर्डका सदस्य सचिव र सहकारी विभागका रजिष्ट्रारको स्वागत तथा सम्मानका लागि ०७१ भदौ २५ गते आयोजना गरेको कार्यक्रममा बोल्ने वक्ताहरुले यस्तो बताएका हुन् ।



कार्यक्रममा बोल्दै सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव श्रीधर गौतम

कार्यक्रममा राष्ट्रिय सहकारी संघका अध्यक्ष केशव बडालले गरिवी निवारणका लागि सहकारी मार्फत कार्यक्रम ल्याउन सरकारलाई आग्रह गर्नु भयो । सहकारीमार्फत देशको श्रोत साधन परिचालन गर्नका लागि सहकारी ऐनलाई समयानुकुल बनाउन आवश्यक रहेको उहाँको भनाइ थियो ।

कार्यक्रममा राष्ट्रिय सहकारी संघका निवर्तमान अध्यक्ष दिपक बास्कोटाले मुलुकको आर्थिक मेरुदण्डको महत्वपूर्ण खम्बा सहकारी नै भएकाले सहकारी मार्फत गरिवी निवारणमा योगदान पुर्‍याउनुपर्नेमा जोड दिनुभयो ।

सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव श्रीधर गौतमले राष्ट्रिय सहकारी बैंकको सञ्जाल प्रयोग गर्न सकियो भने सहकारी मार्फत धेरै काम गर्न सकिने बताउनुभयो । उहाँले सहकारीको विकासका लागि के गर्न सकिन्छ योजना बनाउन आफु सक्रिय रहेको र सबैलाई सहकारी मार्फत आर्थिक सामाजिक विकासतर्फ अग्रसर हुन आव्हान गर्नु भएको थियो ।




बैंकको पाँच वर्षे रणनीति तयार गर्न आयोजित कार्यशालामा सहभागी सञ्चालक समिति, लेखा समितिका पदाधिकारी सदस्य र उच्च व्यवस्थापनका कर्मचारीहरु

कार्यक्रममा राष्ट्रिय सहकारी विकास बोर्डका सदस्य सचिव प्रसन्नकुमार कोइराला, सहकारी विभागका रजिष्ट्रार विष्णुहरी पौडेल, राष्ट्रिय सहकारी संघका लेखा समिति संयोजक धर्मदत्त देवकोटाले मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रम बैंक सञ्चालक समितिका अध्यक्ष रमेश पोखरेलको अध्यक्षता, प्रवन्ध सञ्चालक के.बी. उप्रेतीको सञ्चालनमा सम्पन्न भएको थियो । बैंकको वर्तमान अवस्थाका बारेमा नायव महाप्रवन्धक बद्रीकुमार गुरागाईले जानकारी गराउनु भएको थियो ।

देशभरका सहकारी संघ संस्थाहरुको एकमात्र केन्द्रीय बैंकका रुपमा रहेको राष्ट्रिय सहकारी बैंकमा हाल ७ हजार सहकारी संघ संस्था सदस्य, ६१ करोड शेयर रकम, ८ अर्व वचत तथा ५ अर्व लगानी गर्न सफल भएको गुरागाईले जानकारी दिनुभयो ।

बैंकले आगामी ५ वर्षमा १५ हजार संघ संस्थालाई सदस्य बनाउने, २ अर्ब शेयर रकम, ३० अर्ब बचत र २० अर्ब लगानी गर्ने लक्ष्य लिएको छ । लगानी मध्ये ८० प्रतिशत भन्दा बढी उत्पादन र जलविद्युतमा लगानी गर्ने लक्ष्य लिएको बैकका प्रवन्ध सञ्चालक केबी उप्रेतीले जानकारी दिनुभयो ।

## राष्ट्रिय सहकारी ....................

जोडतोडका साथ लागेका छन् । मुलुकका ७५ वटै जिल्लाबाट आउने प्रतिनिधि तथा पर्यवेक्षकहरुलाई स्वागत गर्न पूर्वेली सहकारीकर्मीहरु आतुर देखिन्छन् । आसन्न साधारणसभाको विषयलाई लिएर पूर्वका विभिन्न जिल्लामा दर्जनभन्दा बढी छलफल तथा अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न भएका छन् । झापाका बिर्तामोड, दमक, मोरङ्गका विराटनगर, उर्लाबारी, विराटचौक, सुनसरीका धरान र ईटहरी, सप्तरीको राजविराज र सिराहाको लहानमा छलफल कार्यक्रम सम्पन्न भएका छन् । पूर्व तयारी सम्बन्धी भएका यी कार्यक्रमहरुमा बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेल, प्रबन्ध संचालक के.बी. उप्रेती, लेखा समिति सदस्य लक्ष्मीप्रसाद उप्रेती, सूचना, सञ्चार तथा प्रकाशन उप-समितिका सदस्य डिल्ली पोखरेल, बैंकका नायव महाप्रवन्धक बद्रीकुमार गुराँगाई लगायतको सहभागिता रहेको थियो ।

साधारणसभालाई भव्य रुपमा सम्पन्न गर्न मोरङ्गका सहकारीकर्मीहरुले ११ वटा उपसमितिहरु निर्माण गरी जिम्मेवारीको समेत बाँडफाँड गरेका छन् । उनीहरुले सबै उप-समितिको संरक्षक जिल्ला सहकारी संघ लि.मोरङ्गका अध्यक्ष डिल्ली पोखरेल रहने गरी वीरेन्द्र यादव संयोजक र अमृत गुरुङ्ग उप-संयोजक रहेको खाजा व्यवस्थापन उपसमिति, लक्ष्मण बैद्य संयोजक र देवेन्द्र पौडेल उप-संयोजक रहेको खाना व्यवस्थापन उपसमिति गठन गरेका छन् । त्यसै गरी राकेश दाहाल संयोजक र अविनास निधि उप-संयोजक रहेको आवास उप-समिति, बिपिनकुमार भगत संयोजक र गणेश कार्की उप-संयोजक रहेको मञ्च व्यवस्थापन उप-समिति, हिराकुमारी दाहाल संयोजक र दिपक कर्ण उप-संयोजक रहेको स्वयम्सेवक परिचालन उप-समिति गठन गरेका छन् । कृष्णकुमार सरदार संयोजक र उमेश तामाङ्ग उप-संयोजक रहेको पार्किङ्ग, विजय माझी संयोजक र संगीता दाहाल उप-संयोजक रहेको स्वास्थ्य, पार्वता बराल संयोजक र नविन विश्वास उप-संयोजक रहेको पानी व्यस्थापन उप-समिति गठन गरिएको छ । त्यसैगरी अतिथि व्यवस्थापन उप-समितिको संयोजकमा गोविन्द दाहाल र उप-संयोजकमा टीकाप्रसाद कट्टेल, संचार उप-समितिको संयोजक माधव अधिकारी र उप-संयोजक माधव मुकुन्द तथा स्वागत उप-समितिको संयोजकमा लक्ष्मीप्रसाद सापकोटा र उप-संयोजकमा जयन्त प्रधानाङ्गलाई जिम्मेवारी तोकिएको छ ।

### २१ वटा स्वागतद्वार

साधारणसभामा आउने प्रमुख अतिथि, अतिथि तथा प्रतिनिधिहरुलाई स्वागत गर्नका लागि पूर्वका बिभिन्न स्थानमा २१ वटा स्वागतद्वार निर्माण गरिने भएको छ । पूर्वका मुख्य शहर र साधारणसभा हुने स्थान विराटनगरमा ती स्वागतद्वार निर्माण गरिने भएको हो । बैंकको कुनै पनि लागत बिना ती स्वागतद्वारहरु स्थानीय सहकारी संघ/संस्थाहरुले बनाउने भएका छन् । विराटनगर बजार भित्र मात्रै १५ वटा स्वागतद्वार बन्ने छन् भने दर्जनौको संख्यामा स्वागत ब्यानरहरु टाँगिने जनाईएको छ ।

### उपराष्ट्रपतिले उदघाटन गर्ने

११ औं वार्षिक साधारणसभाको उद्घाटन सम्माननीय उपराष्ट्रपति परमानन्द झाले गर्नु हुने भएको छ । उद्घाटन कार्यक्रमका लागि उहाँ मंसिर २८ गते विराटनगर जानु हुने कार्यक्रम छ । विराटनगरको वीरेन्द्र सभागृहमा आयोजना हुने एक बिशेष समारोहका बीच उहाँले बैंकको साधारणसभा उद्घाटन गर्नुहुनेछ । उद्घाटन कार्यक्रममा सहभागी हुन राष्ट्रिय सहकारी संघ लि.का अध्यक्ष माननीय केशव बडाल, नेपाल राष्ट्र बैंकका गभर्नर डा.युवराज खतिवडा, सहकारी मन्त्रालयका सचिव श्रीधर गौतम लगायतका अतिथि विराटनगर जाने तय भएको बैंकका प्रवन्ध सञ्चालक के.बी.उप्रेतीले जानकारी दिनुभयो ।

### प्रत्यक्ष प्रसारण गरिने

साधारणसभाको उद्घाटन सत्रलाई स्थानीय मकालु टेलिभिजनले प्रत्यक्ष प्रशारण गर्ने छ । त्यसैगरी आधा दर्जन एफ.एम.ले सो कार्यक्रमको प्रसारण गर्ने छन् । यसको सम्पूर्ण व्यवस्थापन स्थानीय सहकारी संघ-संस्थाहरुले गरेका हुन ।

कविता

## सहकारी आन्दोलन र बैंक



- **कुलचन्द्र अधिकारी**
*संयोजक, लेखासमिति*
*राष्ट्रिय सहकारी बैंक*

सहकारीको छहारीमा जनताको
संगठित संस्थामा
लाखौं लाखको कारोबारमा
विश्वासिलो सहकारी अभियानमा
गाउबस्ती, शहर बजार, तराई, पहाड
हिमालसम्मको भू-भागमा
सहकारीको ब्यानर पुगोस्
जनताको न्यायोचित व्यवहारमा
सहकारी र गरिबी निवारण
मन्त्रालयको ब्यानरमा
मन्त्री छैनन् बोर्ड लगाइएको छ
महिनौ महिनासम्मको अवस्थामा
कसरी अघि बढने छ देखावटी
सरकारी काममा
सहकारी विकास बोर्ड छ
सबै काममा फोहोर नै फोहोरमा
सहकारी विभागको जिम्मेवारी
बत्तीस वटा डिभिजन सहकारीमा
देशभरिको सहकारी दर्ता भएको छ
हजारौ हजारको अबस्थामा
लाखौ लाख होइन करोडौ करोड
हुदै अरबौको कारोबारमा
सहकारी पुगि सकेकोमा
सरकारी ढिलोपनले
जनताको आवाजमा
सहकारी आन्दोलन जिन्दावाद
सहकारी ऐनमा परिवर्तनको दिशामा
सम्बोधनको अवस्थामा, पुगेको छ संसदमा
प्रतिनिधि बोल्ने क्रममा
सहकारी होइन पार्टीको नेतामा
सहकारीको भावना छैन स्वार्थ व्यक्त गर्दछन
सहकारिताको बुझाइको कमीमा
व्यापारी पुगेका छन् सहकारीको विज्ञतामा
अब कसरी सहकारी सफल हुन्छ हामी सबैको एकतामा !

# उद्यमी महिलाका लागि सारथी बन्दै सहकारी बैंक

***राष्ट्रिय सहकारी बैंक लि.ले आफ्ना सदस्य सहकारी संघ संस्थाहरुलाई थोक कर्जा उपलब्ध गराउदै आएको छ । समस्यामा परेका, रकम अभावमा उद्यमशिलता बढाउन नसकेका, उत्पादन, प्रशोधन र बजारीकरणको योजना अगाडि बढाएका सहकारी संघ संस्थाहरुलाई बैंकले धितो/बिना धितो लगानी गर्ने गरेको छ । यस्तै मध्येको एक संस्था हो असल महिला बचत तथा ऋण सहकारी संस्था लि. ग्वार्को, ललितपुर । संस्थाका अध्यक्ष कमला थापा मगर र कोषाध्यक्ष सानुमाया वाइवासंग सहकारिता बुलेटिन प्रतिनिधिले गरेको कुराकानीमा आधारित आलेख)***

ग्रामीण क्षेत्रबाट विभिन्न पेशा व्यवसाय गर्न शहर पसेकाहरुलाई व्यापार व्यवसाय गर्न कठिनाई छ । त्यसमा पनि महिलाहरुको समस्या धेरै छ । व्यापार व्यवसाय गर्नका लागि वित्तीय संघ संस्थाहरुले पनि गाउँको जग्गा जमिन राखेर कर्जा दिदैनन् । यस्तै समस्यामा रहेका महिलाहरुबाट थोरै थोरै रकम जम्मा गरी उद्यमी बन्दै जाने सोचले ललितपुर जिल्लालाई कार्यक्षेत्र बनाएर २०६७ साउन ३० गते असल महिला बचत तथा ऋण सहकारी संस्था लि. ललितपुर दर्ता भएको हो ।

ललितपुर जिल्लामा स्थायी वा अस्थायी रुपमा बसोबास गर्ने महिला, जो व्यापार व्यवसाय वा उत्पादनमा संलग्न छन् उनीहरुलाई संगठित गर्दै सहकारी मार्फत आयआर्जनमा सहयोग पुऱ्याउने चाहनाले शुरुमा १ लाख ३० हजार शेयर जम्मा गरेर संस्था स्थापना गरेका थियौ । अहिले शेयर सदस्य ५ सय जना र शेयर रकम करिव १४ लाख पुगेको छ । १ हजारदेखि ५० हजारसम्म सदस्यहरुको शेयर छ । संस्थाले आधा करोड भन्दा बढी कर्जा लगानी गरेको छ । २ सय ५ जना सदस्यलाई २० हजारदेखि १ लाखसम्म बिना धितो, समुह जमानीमा कर्जा लगानी गरिएको छ । सबै सदस्यहरुले उद्यम गरेका छन् । व्यापार व्यवसायका अलावा तरकारी खेती, बंगुरपालन र माछापालनमा लगानी भएको छ । सदस्यहरुलाई लगानी गर्नका लागि पैसाको अभाव छ । महिलाहरुसंग जग्गा जमिन कम छ, उद्यमका लागि कर्जा पाउन सहजता पनि छैन ।



असल महिला साकोसका कोषाध्यक्ष वाइवा र अध्यक्ष थापा मगर

संस्था दर्तासंगै हामी राष्ट्रिय सहकारी बैंक लिमिटेडको सदस्य बन्यौ । संस्था बैंकको सदस्य भएर बैंकमा निरन्तर कारोबार गर्दै गयौ । बैंकमा युवा स्वरोजगारको रकम आएको छ भन्ने जानकारी पाएपछि हामीले पनि रकम लिएर सदस्यहरुलाई लगानी गर्ने सोच बनायौ । बैंकमा गएर बुझ्यौ, निवेदन दियौं, बैंकका कर्मचारी संस्थामा गएर बुझे, सदस्यहरुले सञ्चालन गरेका क्रियाकलाप देखेपछि बैंकले युवा स्वरोजगारको १० लाख रुपैयाँ संस्थालाई कर्जा उपलब्ध गरायो । त्यो रकम हामीले २० जना शेयर सदस्यलाई तरकारी खेती र बंगुरपालनका लागि लगानी गऱ्यौ । संस्थाले लगानी गरेका सबै सदस्यहरुले आम्दानी गर्न थाले, मासिक व्याज तिरे । संस्थाले सहकारी बैंकलाई त्रैमासिक किस्ता बुझाउदै गयो । बैंकबाट ल्याएको कर्जा भुक्तान गरेपछि ६० प्रतिशत ब्याज फिर्ता पायौ । ११ प्रतिशतमा ६० प्रतिशत ब्याज फिर्ता हुदाँ हामीलाई सहज भयो ।



*सहकारी बैंकका कर्मचारी असल महिला बचत तथा ऋण सहकारीको निरीक्षणमा*

दोस्रो पटक युवा स्वरोजगारको नभई लघुकर्जाको माग गरेका थियौ । स्वरोजगारको भन्दा लघुकर्जाको रकम परिचालन गर्न हामीलाई सहज भयो । दोस्रो पटक पनि हामीले विना धितो सहकारी बैंकबाट १० लाख रुपैया कर्जा पायौ । बैंकले संस्थालाई विश्वास गरेर रकम दिएको थियो । हामीले पनि सदस्यहरुलाई त्यसैगरी लगानी गऱ्यौ । सबै सदस्यहरुले उद्यम गरेर आम्दानी गरेका छन् । समयमै साँवा ब्याज बुझाएका छन् । महिलाहरुले सञ्चालन गरेको संस्थालाई बैंकले विना धितो कर्जा दिएर संस्थालाई अगाडि बढ्न सहजता प्रदान गरेको छ । सहकारी बैंक विपन्न महिलाहरुको सारथी बनेको छ ।

दोस्रो पटकको कर्जा पनि सकिदैछ । पहिलो पटक २० जनालाई, त्यसपछि अर्को २० जनालाई लगानी गरेर उद्यमी बनाउनका लागि सहकारी बैंकको सहयोगले हाम्रो संस्थालाई पनि फाइदा भएको छ । सदस्यहरु उद्यमी बनेका छन्, संस्थाले विश्वास आर्जन गर्न, आम्दानी



*गुणस्तरीय मासु उत्पादन तथा प्रशोधन आयोजनाका लागि निर्मित भवन*

## सहकारी बैंकको सहयोगमा तनहुँमा गुणस्तरीय मासु उत्पादन शुरू

तनहुँ/जिल्ला सहकारी सघं लिमिटेड, तनहुँले व्यवसायिक कृषि तथा व्यापार आयोजनाको पुरक अनुदानमा सञ्चालित गुणस्तरीय मासु उत्पादन तथा प्रशोधन आयोजनाको उद्घाटन कार्यक्रम २०७१ भदौ २० गते कृषि विकास मन्त्रालयका सचिव जयमुकुन्द खनालको प्रमुख आतिथ्यतामा उद्घाटन कार्यक्रम भएको थियो । उक्त उत्पादनमूलक कार्यको लागि राष्ट्रिय सहकारी बैक लिमिटेड दमौली शाखाबाट ५० लाख रुपैयाँ लगानी भएको छ । उक्त कार्यक्रममा राष्ट्रिय सहकारी बैकका सञ्चालक समितिका सदस्य रामबहादुर जि.सी र शाखा कार्यालय दमौलीका शाखा प्रमुख उपेन्द्र दाहालको उपस्थिति रहेको थियो ।

## उद्यमी ...

गर्न सफल भएको छ । विपन्न वर्गका महिलाहरुसंग ठूलो रकम हुँदैन । महिलासँग धितो राख्नका लागि जग्गा जमिन पनि त्यति हुँदैन । महिलाहरुलाई उद्यमी बनाउनका लागि यस्तै कर्जाको आवश्यकता थियो, त्यसलाई बैंकले पुरा गरिदिएको छ ।

यसपटक हामीले बैंकबाट ४० जनालाई एक एक लाख कर्जा दिने गरी ४० लाख माग गरेका छौ । यसपटक ट्राउट माछाका भुरा उत्पादन गर्नका लागि समुह बनेको छ त्यो समुहलाई लगानी गर्ने भनेका छौ । ७ देखि ९ जनासम्मको समुह बनाएका छौ । तरकारी उत्पादन गर्ने, बंगुरपालन गर्ने र माछापालन गर्ने गरी ४ वटा समुहलाई लगानी गर्नका लागि बैंकसंग कर्जा माग गरेका हौ ।

सहकारी बैंक सहकारीहरुको प्रवर्द्धन र विकासका लागि स्थापना भएको बैंक हो । अप्ठेरोमा परेका सहकारीहरुलाई वित्तीय सहयोग गरेर अगाडि बढ्न सहयोग पुर्‍याउछ भन्ने सुनेका थियौ । अहिले हाम्रो संस्थामा आवद्ध उद्यमी महिलाहरुका लागि राष्ट्रिय सहकारी बैंक साच्चिकै सारथी बनेको छ । यो बैंककै सहयोगबाट संस्थाले सदस्यहरुलाई उद्यमी बनाउन थप योगदान गर्न सकेको छ । सहकारी बैंकमा काम गर्ने कर्मचारीहरुको सहयोगी व्यवहारले पनि हामीलाई काम गर्न सहज तुल्याएको छ । आगामी दिनमा पनि बैंकसंग सहकार्य गर्दै अगाडि बढ्ने हाम्रो सोँच छ । लघुकर्जामा ब्याज कम गरेको, महिलाका सहकारीलाई ब्याजमा छुट दिने निर्णय गरेको सुनेका छौ । हाम्रो संस्थाका महिला दिदीबहिनीहरुको सक्रियता, संस्थाको संयोजन र बैंकको सहयोगले हामीलाई सहकारी क्षेत्रमा काम गर्न थप हौसला प्राप्त भएको छ ।

हामी दुवैजना पूर्व माओवादी जनसेना हौ । राजनीतिले सबै कुराको निर्धारण गर्छ भनेर घरबार छोडेर राजनीतिमा लागेका हामीलाई अहिले उद्यम बिना जीवन सफल हुदैन भन्ने लागेको छ । माओवादी सेनामा छदा देशका धेरै ठाउँमा पुगियो । ग्रामीण क्षेत्रका महिला, विपन्न वर्गका महिलाका थुप्रै समस्या छन्, उद्यम गर्न चाहन्छन् तर सहयोगी निकायहरुको अभाव छ भन्ने हामीलाई लाग्यो । युद्धकालमा पार्टीले पाल्यो, खुल्ला राजनीतिमा आएपछि बाँच्नका लागि पनि केही गर्नुपर्छ भन्ने सोच आयो । कृषि पेशा त थियो तर त्यसलाई आधुनिक तरिकाले गर्नुपर्छ भनेर समुहमा आवद्ध भयौ र विस्तारै सहकारी संस्था बनाएर आज सहकारी मार्फत विपन्न महिलाहरुको आर्थिक अवस्था सुधार गर्न सकिन्छ भन्ने ठम्याईमा पुगेका छौ । हामी राजनीतिमा क्रियाशिल महिला हौ, राजनीतिलाई सफल बनाउन पनि आयआर्जनका लागि उद्यम आवश्यक छ र त्यसका लागि सहकारी उत्तम विकल्प हुन्छ भन्ने हामीलाई लागेको छ । यो अभियान साच्चिकै विपन्न वर्गका मानिसहरुका लागि सहयोगी बन्न सक्छ ।

तर, सहकारी क्षेत्रमा पनि समस्याहरु देखिएका छन् । राज्यले दिएका कोषहरुको रकम लगेपछि तिर्न पर्दैन भन्ने सोंच पनि एकादुईमा देखिन्छ, व्यवस्थापन सम्बन्धी ज्ञान नभएर वा आफु अनुकुलको व्यवस्थापन गर्न खोजेर, एकै जनालाई धेरै लगानी गरेर, लगानी गरिएको रकम उदेश्य भन्दा बाहिर प्रयोग गर्ने मुख्य कारणले सहकारी क्षेत्रमा समस्या सिर्जना भएका छन् । व्यवस्थापन चुस्त बनाउने, धेरै सदस्यलाई थोरै थोरै लगानी गर्ने, जे उद्देश्यले कर्जा लिएको हो सोही काममा लगाउन सकियो भने निश्चय नै संस्थालाई राम्रो बनाउन सकिन्छ ।

हामीले सहकारी क्षेत्रमा भर्खर सिक्दैछौ, राष्ट्रिय सहकारी बैंकका अलावा बचत तथा ऋण सहकारी संघ लि. ललितपुर पनि हाम्रो सहयोगी निकाय हो । डिभिजन सहकारी कार्यालय, जिल्ला विकास समितिबाट पनि हामीलाई सहयोग भएको छ । राम्रो काम गर्न सके सहयोगी निकाय पाइदो रहेछ भन्ने पनि हामीलाई लाग्न थालेको छ ।